वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १३३ | २०८३ भदौ २९ गते सोमबार, नेपाल सम्वत् ११४६ September 14, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**सडक मर्मत सुधार** : तनहुँको दुलेगौडा-हर्कपुर मोटर मार्ग अन्तरगत शक्लागण्डकी नगरपालिका-६ ओडारे खोलादेखि अगाडीको बाटो मर्मत सुधार गरिदै । निर्माण व्यवसायीले सडक स्तरोन्नतीको कार्यमा ढिलासुस्ती गर्दा यो मोटर मार्ग अलपत्र हुनुका साथै उपभोक्ताहरूले सडक यात्रामा सास्ति झेल्दै आएका छन् ।
*तस्विर : भञ्ज्याङ*

# सडक विस्तारसंगै मर्मतमा जोड : एक वर्षमा ट्र्याक, ग्राभेल, कालोपत्र र ढलान

## ११६ किलोमिटर सडक मर्मत

भञ्ज्याङ समाचारदाता/तनहुँ

सडक डिभिजन कार्यालय दमौलीले आर्थिक वर्ष २०८२/८३ मा सडक पूर्वाधार विस्तार तथा मर्मतसम्भारलाई प्राथमिकता दिँदै विभिन्न आयोजना तथा कार्यक्रम सम्पन्न गरेको छ । नयाँ सडकको ट्र्याक खोल्नेदेखि ग्राभेल, कालोपत्र, ढलान तथा विद्यमान सडकको नियमित मर्मतसम्मका काम कार्यालयले एक वर्षको अवधिमा अघि बढाएको हो ।

कार्यालयका अनुसार गत आर्थिक वर्षमा ३.२ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको छ । बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका विभिन्न क्षेत्रमा ट्र्याक निर्माण भएपछि स्थानीयस्तरको आवागमनमा सहजता आएको सडक डिभिजन कार्यालय दमौलीका प्रमुख ई. राजिव श्रेष्ठले बताए ।

त्यस्तै, ७.३० किलोमिटर सडक ग्राभेल गरिएको छ । व्यास नगरपालिका र घिरिङ गाउँपालिकाका विभिन्न क्षेत्रमा ग्राभेलको काम सम्पन्न भएको कार्यालयले जनाएको छ । सडकको पहुँच विस्तारसँगै वर्षायाममा समेत स्थानीय आवागमनलाई सहज बनाउन यसले सहयोग पुगेको श्रेष्ठको भनाइ छ ।

गत आवमा कार्यालयले २.६० किलोमिटर सडक कालोपत्र गरेको छ भने ३.१६ किलोमिटर सडक



ढलान गरिएको छ । व्यास, आँबुखैरेनी र घिरिङ गाउँपालिका अन्तर्गतका विभिन्न सडकमा कालोपत्र तथा ढलानको काम गरिएको हो ।

नयाँ सडक निर्माण र स्तरोन्नतिसँगै विद्यमान सडकलाई सञ्चालनयोग्य राख्न कार्यालयले नियमित तथा पटके मर्मतलाई समेत प्राथमिकता दिएको छ । कार्यालयको कार्यक्षेत्रमा रहेका ११६.५० किलोमिटर सडकमध्ये ८०.५० किलोमिटर राष्ट्रिय राजमार्ग र ३६ किलोमिटर सहायक राजमार्गमा नियमित तथा पटके मर्मत गरिएको कार्यालय प्रमुख श्रेष्ठले जानकारी दिए ।

मर्मतअन्तर्गत सडकमा देखिएका खाल्डाखुल्डी पुर्ने, बिग्रिएका संरचना सुधार गर्ने तथा सडकलाई सुरक्षित र सञ्चालनयोग्य अवस्थामा राख्ने काम गरिएको छ । विशेषगरी वर्षायाममा सडकमा देखिने समस्या तत्काल समाधान गरी यातायात सञ्चालनमा सहजीकरण गरिएको कार्यालयले जनाएको छ ।

यसैगरी लामो समयदेखि कार्यान्वयनमा समस्या देखिएका पाँच वटा रूग्ण ठेक्का तोडिएको

बाँकी तेश्रो पेजमा

# रसुवा-भोटेकोशी बाढी : पूर्वाधारमा मात्र करिब २ खर्ब क्षति, पुनर्निर्माणमा ५ खर्ब आवश्यक

भञ्ज्याङ समाचारदाता/काठमाडौं

रसुवा-भोटेकोशी बाढीले पूर्वाधार क्षेत्रमा मात्र करिब २ खर्ब बराबरको क्षति भएको पाइएको छ । सरकारले गठन गरेको रसुवा-भोटेकोशी बाढी २०८३ : द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदन अनुसार बाढीले पूर्वाधारमा मात्र १ खर्ब ७२ अर्ब ३४ करोड बराबर क्षति भएको पाइएको छ ।



सो पूर्वाधार पुनर्निर्माणका लागि ४ खर्ब ७३ अर्ब ५७ करोड रूपैयाँ बराबर आवश्यक हुनेछ ।

बाढीले ऊर्जा क्षेत्र (जलविद्युत् आयोजना र प्रसारण लाइन)मा सबैभन्दा धेरै १ खर्ब ३४ अर्ब ६९ करोड बराबरको क्षति भएको छ। यस क्षेत्रको पुनर्निर्माणमा मात्र ३ खर्ब ९० अर्ब बराबर रकम आवश्यक पर्ने आकलन गरिएको छ। नवीकरणीय ऊर्जामा ५६ करोड बराबरको क्षति भएको छ ।

सडकमा २२ अर्ब रूपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । जसको पुनर्निर्माणमा ५५ अर्ब १८ करोड भन्दा धेरै लाग्ने अनुमान सरकारको छ । पुलमा ११ अर्ब ३५ करोड बराबरको क्षति भएको छ । पुल पुनर्निर्माणमा १८ अर्ब ६ करोड बराबर लाग्ने अनुमान छ । टेलिकम क्षेत्रमा ६२ करोड बराबरको क्षति पुगेकोमा पुनर्निर्माणमा झन्डै १ अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ ।

खानेपानी र सरसफाइमा १ अर्ब ३८ करोडको पूर्वाधारमा क्षति पुगेको छ । सिँचाइमा १ अर्ब ६४ करोड बराबरका संरचना बगेका छन् । बाढीले निजी तथा सार्वजनिक घर, विद्यालय, स्वास्थ्य चौकी र सांस्कृतिक संरचनातर्फ कुल ६७ अर्ब ८४ करोड रूपैयाँ बराबरको क्षति गरेको आकलन छ । यसको पुनर्निर्माणमा करिब १ खर्ब रूपैयाँ बराबर आवश्यक पर्ने अनुमान छ ।

बाढीले कुल भौतिक क्षति २ खर्ब ७४ अर्ब ४८ करोड बराबरको छ । यसको पुनर्निर्माणमा कुल ७ खर्ब २३ अर्ब ३१ करोड रूपैयाँ बराबर आवश्यक पर्ने अनुमान गरिएको छ । यसमध्ये शीघ्र पुनरूत्थान कार्यक्रम (०–६ महिना)का लागि झन्डै ९ अर्ब लाग्ने आंकलन छ । त्यसपछि दीर्घकालीन पुनरूत्थानका लागि भने बाँकी रकम आवश्यक पर्ने सो प्रतिवेदनले औंल्याएको छ ।

# ट्रक दुर्घटनामा चालकको मृत्यु

भञ्ज्याङ समाचारदाता/दमौली

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ कमलबारी, गोल्लामा आइतबार बिहान ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । डुम्रेबाट दमौलीतर्फ आउँदै



गरेको ना६ख ९४९७ नम्बरको ट्रक अनियन्त्रित भई पल्टिँदा चालक मकवानपुरको मनहरी गाउँपालिका-६ का २६ वर्षीय अजय थिङको मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्कीका अनुसार दुर्घटनामा गम्भीर घाइते थिङलाई उद्धार गरी उपचारका लागि प्रदेश अस्पताल दमौली लगिएको थियो । उपचारका क्रममा बिहान ९ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। दुर्घटनामा ट्रकका सहचालक सामान्य घाइते भएका छन् ।

उनको घुँडामा चोट लागेको प्रहरीले जनाएको छ । दुर्घटनाको जानकारी प्राप्त भएपछि प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय तनहुँबाट ११ जनाको टोली घटनास्थल पुगेको थियो । दुर्घटनाको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# तीज पर्व

भदौ लागेपछि नेपाली समाजको रंग बदलिन्छ । बजारमा रातो साडी देखिन्छ, हातमा हरिया चुरा बज्छन्, पोते र गरगहनाले महिलाको मुहार सजिन्छ । गाउँघरमा तीजका भाका घन्किन्छन् । दिदीबहिनी माइती भेला हुन्छन् । दर पाक्छ । दुःखसुख साटिन्छ । नाचगान हुन्छ । केही वर्षयता तीज पर्वले घरको चौघेरो नाघेर सार्वजनिक जीवनमा पनि बलियो उपस्थिति बनाएको छ । कार्यालय, संस्था, राजनीतिक दलदेखि विभिन्न सामाजिक समूहसम्म तीजका कार्यक्रम आयोजना हुने गरेका छन् । तीज हाम्रो संस्कृति हो । हाम्रो पहिचान पनि । नेपाली महिलाको भावनात्मक जीवनसँग जोडिएको पर्व हो । तर संस्कृति मनाउने नाममा हामीले एउटा प्रश्न बिर्सन मिल्दैन– जब समाजको एउटा ठूलो हिस्सा शोकमा छ, त्यतिबेला हाम्रो उत्सव कस्तो हुनुपर्छ ? यसपटक यही प्रश्न हाम्रो अगाडि उभिएको छ । गत भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीले रसुवासहित नुवाकोट, धादिङ, गोरखा, चितवन, तनहुँलगायतका क्षेत्रमा ठूलो क्षति पुर्‍याएको छ। कतिले आफन्त गुमाएका छन् । कतिपय अझै बेपत्ता छन् । सयौँ परिवार घरबारविहीन भएका छन् । व्यवसाय, रोजगारी र जीवनभरको कमाइ क्षणभरमै बाढीले बगाएको छ । कति आमाका आँखा छोराछोरी खोजिरहेका छन्, कति श्रीमती श्रीमान् फर्किने आशामा छन् । कतिपय परिवारका लागि अहिले पनि एउटै प्रश्न छ– सास भेटिन्छ कि लास ? यस्तो अवस्थामा आज दर खाने दिन हो । एकातिर सहरका होटल र पार्टी प्यालेसमा तीजका कार्यक्रमको तयारी छ। अर्कोतिर बाढीपीडितका अस्थायी आश्रयमा बिहानको खाना कसरी जुटाउने भन्ने चिन्ता छ। एकातिर नयाँ साडी र गहनाको चर्चा छ । अर्कोतिर घरको भग्नावशेषभित्र हराएको सामान र सम्झनाको खोजी भइरहेको छ । एकातिर तीजका गीत घन्किरहेका छन्। अर्कोतिर बाढीमा बेपत्ता आफन्तको नाम पुकार्दै परिवारका सदस्य रोइरहेका छन्। यो विरोधाभासलाई हामीले देख्नैपर्छ ।

तीज पर्व मनाउनु गलत होइन । दुःखमा पनि जीवनलाई निरन्तरता दिनुपर्छ । संस्कृति र परम्परा संकटमा पनि बाँच्नुपर्छ। तर उत्सवको नाममा संवेदनहीन हुनु गलत हो । तीजको वास्तविक शक्ति महँगा साडी, गहना र भोजभतेरमा छैन। यसको शक्ति त सम्बन्धमा छ । दिदीबहिनीबीचको आत्मीयतामा छ । दुःख बाँड्ने संस्कारमा छ । अन्यायविरूद्ध आवाज उठाउने परम्परामा छ । नेपाली महिलाले पुस्तौँदेखि तीजका गीतमार्फत आफ्ना पीडा, गुनासा, दुःख र आकांक्षा व्यक्त गर्दै आएका छन्। त्यसैले तीजलाई केवल नाचगान र मनोरञ्जनमा सीमित गर्नु यसको ऐतिहासिक तथा सामाजिक अर्थलाई कमजोर बनाउनु हो । आज तीजका गीत फेरिएका छन् । महिलाको जीवन फेरिएको छ । समाज फेरिएको छ । तर तीजको मूल भावना– दुःखमा साथ र सुखमा साझेदारी– झन् बलियो हुनुपर्ने समय यही हो । त्यसैले यसपटकको तीजमा हामीले प्रश्न गर्नुपर्छ– दरमा कति खर्च गर्‍यौं भन्ने होइन, दुःखमा परेका परिवारका लागि कति गर्न सक्यौं ? एउटा तीज भोजको खर्च घटाएर एउटा बाढीपीडित परिवारलाई खाद्यान्न दिन सकिन्छ । महँगा उपहारको सट्टा राहत सामग्री दिन सकिन्छ । तीजका कार्यक्रमलाई मनोरञ्जनमा मात्र सीमित नगरी सहयोग संकलनको माध्यम बनाउन सकिन्छ । स्थानीय तह, महिला समूह, सहकारी, आमा समूह र सामाजिक संस्थाले तीजको अवसरलाई विपद् प्रभावित परिवारको पुनःस्थापनासँग जोड्न सक्छन् । अहिले पीडितलाई भाषण होइन, सहयोग चाहिएको छ । फोटो खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्नु मात्र पर्याप्त छैन । राहतको नाममा केही बोरा खाद्यान्न पुर्‍याएर जिम्मेवारी पूरा भएको मान्न सकिँदैन । घर गुमाएकालाई घर चाहिन्छ । रोजगारी गुमाएकालाई आयको आधार चाहिन्छ । घाइतेलाई उपचार चाहिन्छ । बालबालिकालाई शिक्षा चाहिन्छ। बेपत्ताका परिवारलाई सत्य र न्याय चाहिन्छ। र सबैभन्दा ठूलो कुरा–राज्यले पीडितलाई बिर्सनु हुँदैन । विपद् आएको केही दिन राहत बाँड्ने, फोटो खिच्ने र समाचार बन्ने प्रवृत्तिले मात्र पुनःस्थापना हुँदैन । बाढीले भत्काएको घर पुनःनिर्माण गर्नुपर्छ। जोखिमयुक्त बस्तीको दीर्घकालीन व्यवस्थापन गर्नुपर्छ । विस्थापितलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्नुपर्छ । हराइरहेका नागरिकको खोजी कार्यलाई अन्तिम निष्कर्षसम्म पुर्‍याउनुपर्छ । पीडित परिवारको जीवन फेरि सामान्य अवस्थामा फर्काउन राज्यको निरन्तर उपस्थिति आवश्यक छ । यसपटकको तीजले हाम्रो सामाजिक चेतनाको परीक्षा पनि लिएको छ ।

हामी तीजलाई महिलाको अधिकार र स्वतन्त्रताको पर्व भन्छौँ । तर विपत्तिमा परेका महिलाको आवाज नसुन्ने हो भने त्यो दाबी खोक्रो हुन्छ । हामी तीजलाई आत्मीयताको पर्व भन्छौँ । तर आफ्नै देशका दिदीबहिनीको पीडा नदेख्ने हो भने त्यो आत्मीयता केवल गीतमा सीमित हुन्छ । हामी तीजलाई सामाजिक सद्भावको पर्व भन्छौँ । तर दुःखमा परेकालाई एक्लै छाड्ने हो भने त्यो सद्भावको अर्थ के रहन्छ ? त्यसैले यस वर्ष तीजको अर्थ अलि फरक बनाऔँ । किनकि तीजको वास्तविक सौन्दर्य गहनामा होइन, मानवीयतामा छ । त्यसैले यसपटकको तीजले एउटै सन्देश दिनुपर्छ– उत्सव मनाऔँ, तर विवेकसहित । खुसी बाँडौँ, तर पीडितलाई सम्झेर । संस्कृति जोगाऔँ, तर मानवीयता नबेचेर । तीजको रातो रंग केवल पहिरनमा होइन, विपत्तिमा परेकाको जीवनमा पनि आशाको रंग बनोस्। यही नै यस वर्षको तीजको सबैभन्दा ठूलो महिमा हुनेछ ।

# एआईले बदल्दैछ अपराधको शैली : साइबर हमलादेखि सूचना हेरफेरसम्म

◆ कौशल काफ्ले

एआई कम्पनी एन्थ्रोपिकले आफ्नो एआई सेवा क्लडको दुरूपयोग गरी साइबर हमला, सूचना हेरफेर, निगरानी, ठगी र प्रतिस्पर्धी एआई मोडल विकास गर्ने काम भएको दाबी गरेको छ । कम्पनीले सार्वजनिक गरेको 'डिटेक्टिङ एन्ड काउन्टरिङ मिसयुज अफ एआई : सेप्टेम्बर २०२६' रिपोर्टमा पछिल्ला ८ महिनामा पत्ता लगाइएका र अवरूद्ध गरिएका विभिन्न गतिविधिको विवरण सार्वजनिक गरेको हो । रिपोर्टमा समेटिएका घटनाहरु डिसेम्बर २०२५ देखि अगस्ट २०२६ सम्मका हुन् । रिपोर्टअनुसार एआईको प्रयोग अब सामान्य प्रश्नोत्तर वा सामग्री तयार पार्ने काममा मात्र सीमित छैन। आक्रमणकारीहरूले एआईलाई लक्ष्य पहिचान गर्ने, सुरक्षा कमजोरी खोज्ने, मालवेयर बनाउने, फिसिङ अभियान चलाउने, चोरी गरिएको डेटा व्यवस्थापन गर्ने र सामाजिक सञ्जालमा नक्कली सूचना फैलाउने काममा समेत प्रयोग गर्न थालेका छन् ।

एन्थ्रोपिकले आफ्नो रिपोर्टमा एआईको भूमिकालाई 'सहयोगी' बाट 'एजेन्ट' बन्नतर्फ अघि बढिरहेको बताएको छ। यसको अर्थ– एआईलाई मानिसले लक्ष्य र निर्देशन दिएपछि अनुसन्धान, परीक्षण र अन्य धेरै चरण आफैं सञ्चालन गर्न सक्ने अवस्थामा पुगेको छ । कम्पनीका अनुसार पहिले एआईले आक्रमणकारीलाई सुझाव वा कोड उपलब्ध गराउने काम गर्थ्यो। अहिले भने एआई एजेन्ट र मल्टिएजेन्ट सिस्टमले आफैं सूचनाहरु संकलन गर्ने, कामलाई साना भागमा बाँड्ने, विभिन्न प्रणाली परीक्षण गर्ने अनि नतिजा तयार पार्ने काम गर्न थालेका हुन् ।




### आक्रमणकारीको क्षमता बढाउँदै एआई

रिपोर्टमा एन्थ्रोपिकले एआईका कारण जटिल साइबर हमला गर्न आवश्यक पर्ने जनशक्ति र प्राविधिक सीपको आवश्यकता घट्दै गएको जनाएको छ । पहिले यस्ता हमला गर्न ठूलो बजेट, दक्ष प्राविधिक जनशक्ति र लामो तयारी आवश्यक पर्थ्यो। अहिले भने एक जना वा सानो समूहले एआईको सहयोगमा पहिले धेरै मानिसले गर्नुपर्ने काम छोटो समयमा गर्न सक्ने अवस्था देखिएको कम्पनीको दाबी छ।

एन्थ्रोपिकका अनुसार एआईले साइबर हमलाका लगभग सबै चरणमा आक्रमणकारीलाई सहयोग गरिरहेको छ। यसमा लक्ष्यको प्रारम्भिक अध्ययन, इन्टरनेटमा खुलेका सिस्टम खोज्ने काम, सुरक्षा कमजोरी पहिचान, फिसिङ सामग्री तयार गर्ने, मालवेयर विकास, चोरी गरिएका प्रमाण प्रयोग गरेर प्रणालीभित्र प्रवेश गर्ने तथा डेटा बाहिर पठाउने काम समावेश छन्।

कम्पनीले यसलाई 'एआई सहयोगी साइबर हमला' मात्र नभई कतिपय अवस्थामा 'एआई सञ्चालित साइबर अभियान' भनेको छ । यस्ता अभियानमा मानिसले मुख्य लक्ष्य छनोट गरे पनि बाँकी धेरै काम एआई एजेन्टले स्वचालित रूपमा गर्ने गरेको रिपोर्टमा उल्लेख छ।

### रूससँग सम्बन्धित मानिएको एआईबाट साइबर जासुसी गरेको आरोप

रिपोर्टमा एन्थ्रोपिकले जीटीजी–२०००६ नाम दिएको गतिविधिले एआई प्रयोग गरेर युक्रेन, युरोप र अन्य क्षेत्रका सरकारी तथा रक्षा निकायलाई लक्षित गरेको उल्लेख छ । एन्थ्रोपिकले उक्त समूहको गतिविधि सार्वजनिक रिपोर्टमा माइक्रोसफ्टसँग जोडिएको 'मिडनाइट ब्लिजार्ड' समूहसँग मिल्दोजुल्दो रहेको जनाएको छ। मिडनाइट ब्लिजार्ड एउटा रूसी प्रायोजित साइबर जासुसी समूहका रूपमा परिचित छ ।

कम्पनीले यसलाई रूसी राज्यसँग सम्बन्धित हुन सक्ने साइबर जासुसी समूहका रूपमा वर्गीकरण गरेको हो । सो समूहले एआई प्रयोग गरेर सरकारी मन्त्रालय, रक्षा तथा गुप्तचर निकाय, दूतावास, कूटनीतिक संस्था, अनुसन्धान संस्था र रक्षा सामग्री उत्पादन गर्ने कम्पनीलाई लक्षित गरेको थियो। समूहले एआईको प्रयोग गरी इमेल तथा रिमोट एक्सेस प्रणालीको अध्ययन गरेको, सम्भावित लक्ष्यको सूची बनाएको र फिसिङ क्याम्पेनका लागि पूर्वाधार तयार गरेको एन्थ्रोपिकको दाबी छ ।

आक्रमणका क्रममा प्रयोग गरिएका उपकरण सुरक्षा प्रणालीबाट पहिचान भएमा एआई एजेन्टले तिनलाई परिमार्जन गरी पुनर्निर्माण गर्ने गरेको पनि रिपोर्टमा उल्लेख छ। यसको अर्थ, कुनै मालवेयर सुरक्षा प्रणालीबाट पत्ता लागेको अवस्थामा आक्रमणकारीले म्यानुअल रूपमा कोड परिवर्तन गरिरहनुपर्दैन। बरू एआई एजेन्टले आफैं कमजोरी वा पहिचानको कारण विश्लेषण गरेर मालवेयर परिमार्जन गर्न र फेरि प्रयोग गर्न सक्ने देखिएको छ ।

रिपोर्टअनुसार उक्त समूहले २० भन्दा बढी संस्थालाई लक्षित गरेको थियो। युक्रेनी सरकार, सेना र कूटनीतिक निकायका इमेल प्रणालीमा अनधिकृत एक्सेस गर्ने प्रयास गरिएको थियो। यस्तै, ड्रोन उत्पादन तथा आपूर्ति श्रृंखलासँग सम्बन्धित कम्पनीबाट प्राविधिक कागजात र सफ्टवेयरसम्बन्धी जानकारीसमेत चोर्ने प्रयास भएको थियो।

### सहजै फिसिङ र डेटा चोरी

एन्थ्रोपिकका अनुसार उक्त समूहले होटेलका वाइफाई सेवा सञ्चालन गर्ने कम्पनीलाई समेत निसान बनाएको थियो। ती कम्पनीको सिस्टममा पहुँच बनाएर होटेलमा जोडिएका प्रयोगकर्ताको ट्राफिक र उपकरणसम्बन्धी जानकारी संकलन गरिएको थियो ।

आक्रमणकारीहरूले डोमेन नेम सिस्टम (डीएनएस) नै परिवर्तन गरेर प्रयोगकर्तालाई नक्कली वेबसाइटमा पुर्‍याउने प्रयाससमेत गरेको देखिन्छ । त्यसपछि नक्कली अपडेट वा अन्य सोसल इन्जिनियरिङका माध्यमबाट विन्डोज, एन्ड्रोइड र आईओएस उपकरणमा मालवेयर पठाइएको थियो।

रिपोर्टमा ह्वाट्सएप अकाउन्टमा समेत पहुँच बनाइएको उल्लेख छ। आक्रमणकारीहरूले पीडितको ह्वाट्सएप अकाउन्टलाई अर्को उपकरणसँग जोडेर म्यासेज र कुराकानी संकलन गर्ने प्रयास गरेका थिए। कम्तीमा दुई जना पूर्वउच्चपदस्थ युक्रेनी अधिकारीलाई यसरी लक्षित गरिएको एन्थ्रोपिकको दाबी छ।

त्यस्तै, उत्तर अफ्रिकाको एउटा सरकारी प्रविधि निकायमा भएको आक्रमणमा पनि तीन लाखभन्दा बढी राष्ट्रिय परिचयसम्बन्धी विवरण र पाँच लाखभन्दा बढी कम्पनीको व्यावसायिक दर्ता विवरण चोरी भएको रिपोर्टमा उल्लेख छ। एआई प्रयोग गरेर चोरी गरिएको डेटा ठूलो परिमाणमा छुट्याउने, वर्गीकरण गर्ने र बाहिर पठाउने कामसमेत भएको एन्थ्रोपिकले जनाएको छ। कम्पनीका अनुसार पहिले आक्रमणकारीले डेटा संकलन गरेपछि त्यसलाई व्यवस्थापन गर्न मानिसहरूको ठूलो समूह आवश्यक पर्थ्यो। अहिले एआईले यस्तो कामलाई छिटो र स्वचालित बनाइदिएको छ ।

### एक जना आक्रमणकारी, दर्जनौं लक्ष्य

रिपोर्टमा 'जीटीजी–१०००७' नाम दिइएको अर्को अभियानमा चिनियाँ भाषी आक्रमणकारीहरूले एआईलाई साइबर हमला र कमजोरी खोज्ने मुख्य उपकरणका रूपमा प्रयोग गरेको उल्लेख छ। एन्थ्रोपिकका अनुसार यो समूह चीनको हुनान प्रान्तको चाङ्सा क्षेत्रमा रहेको हुन सक्ने देखिएको थियो। समूहमा विश्वविद्यालयका विद्यार्थीसमेत संलग्न रहेको कम्पनीको आकलन छ। उनीहरूले एआईलाई विभिन्न कामका लागि छुट्टाछुट्टै जिम्मेवारी दिने गरी प्रयोग गरेका थिए ।

एउटा एआई एजेन्टले त विदेशी सरकारी नेटवर्कको प्रारम्भिक अध्ययन गर्थ्यो। अर्कोले सुरक्षा उपकरणका कमजोरी खोज्थ्यो। अर्कोले मालवेयर विकास गर्थ्यो भने अर्को प्रणालीले ओपन सोर्सबाट सूचना संकलन गर्थ्यो । यसरी विभिन्न एआई एजेन्टलाई एउटै अभियानमा जोडेर काम गराइएको रिपोर्टमा उल्लेख छ।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
छोटो समयमा मनग्य फाइदा हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ।

**वृष**
प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ।

**मिथुन**
सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

**कर्कट**
पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन्। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ।

**सिंह**
हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ।

**कन्य**
प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। सहयोगीहरूको साथ पाइनेछ।

**तुला**
प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। मानसम्मानमा बाधा पुग्नेछ।

**वृश्चिक**
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। मिहिनेतले नयाँ अवसर दिलाउनेछ।

**धनु**
केही पारिवारिक समस्या देखिए पनि अँटेको काम सम्पादन हुने समय छ। सावधानीले फाइदा उठाउन सकिनेछ।

**मकर**
प्रयत्न गर्दा साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। बुद्धिको उपयोगले समस्या सुल्झनेछ।

**कुम्भ**
गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला।

**मीन**
मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। विवादास्पद काममा जुट्नुपरे पनि धन आर्जन गर्न सकिनेछ ।

# एआईले बदल्दैछ अपराधको शैली : ......

एउटा मुख्य एआई एजेन्टले कामलाई साना भागमा बाँडेर अन्य सहायक एजेन्टलाई जिम्मेवारी दिने गरेको थियो। ती एजेन्टहरूले समानान्तर रूपमा काम गर्थे ।

उक्त समूहले शिक्षा, खुद्रा व्यापार, ऊर्जा, प्रविधि, स्वास्थ्य, वित्त, उत्पादन तथा सरकारी क्षेत्रका करिब ५० संस्थालाई लक्षित गरेको एन्थ्रोपिकको दाबी छ। एउटा एडटेक कम्पनीबाट विद्यार्थीको व्यक्तिगत डेटा चोरी भएको र दक्षिणपूर्वी एसियाको सरकारी निकायबाट नागरिकको नाम, फोन नम्बर र ठेगानाजस्ता विवरण निकालिएको रिपोर्टमा उल्लेख छ।

**प्रतिस्पर्धी एआई मोडलका लागि डेटा निकाल्ने प्रयास**

एन्थ्रोपिकको रिपोर्टमा 'इलिसिट डिस्टिलेसन' अर्थात् अनधिकृत रूपमा एउटा एआई मोडलबाट अर्को मोडललाई सिकाउने गतिविधि बढेको उल्लेख छ। यसरी काम गर्दा प्रतिस्पर्धी कम्पनीले एआई मोडललाई ठूलो सत्त्यामा प्रश्न सोध्छ। त्यसबाट प्राप्त उत्तर, तर्क गर्ने शैली र समस्या समाधान गर्ने तरिका संकलन गरेर आफ्नै मोडललाई तालिम दिइन्छ।

एन्थ्रोपिकले यस्ता गतिविधिमा अलिबाबासँग सम्बन्धित खाताहरूले क्लडसँग ठूलो संख्यामा अन्तरक्रिया गरेको आरोप लगाएको छ। कम्पनीका अनुसार मेदेखि जुलाई २०२६ सम्म अलिबाबासँग जोडिएका खाताबाट क्लडमा १५ करोड १० लाखभन्दा बढी एक्सचेन्जभएको थियो। यसलाई एन्थ्रोपिकले आफूले देखेको सबैभन्दा ठूलो अनधिकृत डिस्टिलेसन अभियान भनेको छ।

एन्थ्रोपिकको दाबीअनुसार उक्त गतिविधिका लागि ३ हजार ५०० भन्दा बढी खाता प्रयोग गरिएको थियो। कतिपय अवस्थामा त एकै दिनमा करिब ३० लाख एक्सचेन्जसमेत गरिएको थियो। यी खाताबाट क्लडलाई एउटै प्रकारका प्रश्न पटकपटक सोधिएको थियो। त्यसबाट क्लडको प्रश्न बुझ्ने, विश्लेषण गर्ने र उत्तर तयार गर्ने तरिका अध्ययन गरिएको एन्थ्रोपिकले जनाएको छ। त्यसपछि प्राप्त विवरणलाई अलिबाबाको 'क्वेन' मोडल सुधार गर्न प्रयोग गरिएको कम्पनीको आरोप छ।

एन्थ्रोपिकले अलिबाबाले आफ्नो नियम उल्लङ्घन गरेको दाबी गरे पनि अलिबाबाबाट यसको प्रतिक्रिया आएको छैन । कम्पनीले अलिबाबाबाहेक डीपसिक, मुनसट एआई, जिपु एआई, साओमी, सेन्सटाइम र मिनिम्याक्ससँग सम्बन्धित गतिविधि पनि पत्ता लगाएको दाबी गरेको छ। एन्थ्रोपिकका अनुसार यी कम्पनीसँग सम्बन्धित खाताले क्लडका क्षमता अध्ययन गरी आफ्ना प्रणालीमा प्रयोग गर्ने प्रयास गरेका थिए ।

यद्यपि, यी सबै दुरूपयोगमा क्लडका सामान्य मोडलहरू हाइकु, सोन्नेट, ओपस प्रयोग भएका थिए। तर, उनीहरूका अझ उच्च तहका क्लड फेबल वा माइथोज् क्लास मोडलहरू भने तुलानात्मक रूपमा धेरै सुरक्षित रहेका देखिन्छन् ।

**एआईबाट नक्कली समाचार र राजनीतिक प्रभाव**

एन्थ्रोपिकको रिपोर्टमा एआई प्रयोग गरी सूचना हेरफेर गर्ने अभियानका नौवटा उदाहरण दिइएको छ। रिपोर्टअनुसार विभिन्न देशमा सक्रिय समूहले क्लड प्रयोग गरेर नक्कली सामाजिक सञ्जाल खाता, नक्कली समाचार वेबसाइट, राजनीतिक प्रचार सामग्री, नक्कली कागजात र लक्षित व्यक्तिविरूद्धका आरोपका फेहरिस्त तयार गरेका थिए। एउटा मिसनमा त करिब ७० वटा नक्कली समाचार वेबसाइट बनाइएको थियो। ती वेबसाइटहरू स्वतन्त्र समाचार संस्थाजस्तो देखिन्थे। ती साइटमा प्रकाशित सामग्री फैलाउन ७० वटा एक्स अकाउन्टसहित २५० भन्दा बढी नक्कली कमेन्ट गर्ने खाता प्रयोग गरिएको थियो ।

उक्त नेटवर्कले करिब २० भाषामा कम्तीमा ८ हजार ९१३ सामग्री प्रकाशित गरेको एन्थ्रोपिकको दाबी छ। ती सामग्रीमध्ये केही वास्तविक समाचारलाई राजनीतिक उद्देश्यअनुसार पुनर्लेखन गरेर तयार गरिएका थिए । एउटै समाचारलाई विभिन्न देशका दर्शक वा पाठकअनुसार फरक राजनीतिक दृष्टिकोणबाट प्रस्तुत गरिएको थियो।

नक्कली पत्रकारका नाममा सामग्री प्रकाशित गरेर ती वेबसाइटलाई वास्तविक समाचार संस्थाजस्तो देखाइएको थियो। एआईबाट तयार गरिएका प्रोफाइल तस्बिर र बनावटी परिचय प्रयोग गरेर सामाजिक सञ्जालमा नक्कली व्यक्तित्व निर्माण गरिएको रिपोर्टमा उल्लेख छ । एन्थ्रोपिकले यस्तो गतिविधिलाई 'इन्फ्लुएन्स-एज-ए-सर्भिस' अर्थात् पैसा लिएर सूचना र जनमत प्रभावित पार्ने सेवा भनेको छ। यसरी केही कम्पनी वा समूहले क्लाइन्टको राजनीतिक उद्देश्यअनुसार सामग्री, वेबसाइट र सामाजिक सञ्जाल अभियान सञ्चालन गरिरहेका छन्।

**मलेसियाको चुनावमै प्रभाव**

रिपोर्टमा मलेसियालाई लक्षित गरी सञ्चालन गरिएको अर्को राजनीतिक प्रभाव (मिसन) बारे पनि उल्लेख गरिएको छ । एन्थ्रोपिकका अनुसार उक्त अभियानमा करिब १ हजार नक्कली एक्स अकाउन्ट, नक्कली समाचार वेबसाइट र विभिन्न व्यक्तिविरूद्ध बनाइएका कागजात प्रयोग गरिएको थियो।

यस अभियानले जनगणना र निर्वाचनसम्बन्धी तथ्याङ्क प्रयोग गरी मलेसियाका २२२ संघीय संसदीय क्षेत्रका मतदाताका व्यवहार विश्लेषण गर्ने प्रयास गरेको थियो। जाति, धर्म र राजपरिवारसँग सम्बन्धित संवेदनशील विषयका आधारमा मतदातालाई लक्षित गर्ने संरचना बनाइएको रिपोर्टमा उल्लेख छ।

क्लड प्रयोग गरेर नक्कली अकाउन्ट सञ्चालन गर्ने ड्यासबोर्ड, समाचार पुनर्लेखन प्रणाली र राजनीतिक सामग्री तयार गरिएको एन्थ्रोपिकले जनाएको छ। केही सामग्रीमा विदेशी समाचारलाई पुनर्लेखन गरी स्रोत हटाइएको थियो; ताकि ती सामग्री स्थानीय रूपमा तयार गरिएको स्वतन्त्र समाचारजस्तो देखियोस् । त्यही अभियानमा विपक्षी नेता र नागरिक समाजका संस्थाविरूद्ध प्रमाणविहीन आरोपसहितका नक्कली विवरण तयार गरिएको पनि रिपोर्टमा उल्लेख छ।

**बङ्गलादेशमा एआईबाट नक्कली बङ्गाली समाचार**

एन्थ्रोपिकले बङ्गलादेशमा पनि एआई प्रयोग गरेर नक्कली समाचार तयार गर्ने अभियान पत्ता लगाएको जनाएको छ। कम्पनीका अनुसार गाइवान्धा जिल्लामा आधारित एक व्यक्तिले २९ वटा क्लड खाता पालैपालो प्रयोग गरी प्लेटफर्मका सीमा र सुरक्षा प्रणाली छल्ने प्रयास गरेका थिए।

ती व्यक्तिले बनाएको सफ्टवेयरले प्रत्येकपटक १५ वटा शीर्षक, तीनवटा विस्तृत झुटा समाचार र १५ वटा तस्बिरका लागि निर्देशन तयार गर्ने गरेको रिपोर्टमा उल्लेख छ । यसबाट कम्तीमा १ हजार ५०० शीर्षक, ३०० झुटा समाचार र १ हजार ५०० तस्बिरका निर्देशन तयार गरिएको एन्थ्रोपिकको दाबी छ। ती सामग्री फेसबुक लाइभ, युट्युब र टिकटक मार्फत ग्रामीण क्षेत्रका दर्शकमाझ पुऱ्याउने उद्देश्य राखिएको थियो ।

रिपोर्टअनुसार सामग्रीहरू एक राजनीतिक दलको पक्षमा र उसका विपक्षीविरूद्ध तयार गरिएका थिए। तर उक्त दल स्वयंले अभियान सञ्चालन वा आर्थिक सहयोग गरेको प्रमाण भने फेला नपरेको एन्थ्रोपिकले जनाएको छ ।

**निगरानी र दमनमा एआईको प्रयोग**

एआई प्रयोग गरेर राजनीतिक कार्यकर्ता, पत्रकार, अल्पसत्त्यक समुदाय र सरकारविरोधी व्यक्तिको निगरानी गरिएको विवरणसमेत छ। चीनसँग सम्बन्धित केही गतिविधिमा उइघुर समुदाय, तिब्बती समूह, हङकङका लोकतन्त्र समर्थक, फालुन गङ र ताइवानका धार्मिक तथा राजनीतिक समूहका सदस्यलाई लक्षित गरिएको कम्पनीको दाबी छ ।

एउटा अभियानमा एआईलाई ठूलो संख्यामा सामाजिक सञ्जाल पोस्ट पढाएर व्यक्तिको स्थान, राजनीतिक धारणा, सामाजिक समूह र कमजोर पक्षको अनुमान गर्न लगाइएको थियो। त्यसपछि सम्भावित रूपमा लक्षित गर्न मिल्ने व्यक्तिको सूची तयार गरिएको रिपोर्टमा उल्लेख छ । उइघुर समुदायलाई लक्षित अर्को गतिविधिमा एआई प्रयोग गरेर सिरियामा रहेका उइघुर व्यक्तिसँग अरबी भाषामा सम्पर्क गर्ने, उनीहरूको जवाफ अनुवाद गर्ने र भर्तीसम्बन्धी संवाद तयार गर्ने प्रयास भएको एन्थ्रोपिकले जनाएको छ ।

त्यस्तै, चीनसँग सम्बन्धित अर्को गतिविधिमा धार्मिक नेता र प्रवासी समुदायका व्यक्तिविरूद्ध चिनियाँ भाषामा 'डोजियर' तयार गरिएको थियो। जन्ममिति, जन्मस्थान, बसाइँसराइ, सामाजिक सञ्जाल खाता र चीनसँग सम्बन्धित गतिविधिजस्ता विवरण संकलन गरी सरकारी रिपोर्टजस्तो ढाँचामा प्रस्तुत गरिएको थियो ।

**एआई सेवा प्रदायक आफैं आक्रमणकारीको लक्ष्य**

एन्थ्रोपिकको रिपोर्टको अर्को महत्त्वपूर्ण निष्कर्ष एआई सेवा प्रदायक र तिनका ग्राहकको पूर्वाधार आफैं आक्रमणकारीका लागि लक्ष्य बन्न थालेको हो । एआई सेवा प्रयोग गर्न आवश्यक एपीआई की, सेसन टोकन र लगइन विवरण चोरी गरेर आक्रमणकारीले आफ्ना गतिविधि सञ्चालन गरेको कम्पनीले जनाएको छ।

कुनै संस्थाको एपीआई की चोरी भएपछि आक्रमणकारीले त्यसैको खर्चमा आफ्ना काम चलाउन सक्छन्। साथै, यस्ता गतिविधि वास्तविक ग्राहकको अकाउन्टबाट भएजस्तो देखिने भएकाले पहिचान लुकाउन पनि सजिलो हुन्छ । रिपोर्टमा केही समूहले सस्तो मूल्यमा क्लड उपलब्ध गराउने भन्दै नक्कली वेबसाइट चलाएको पनि उल्लेख छ। प्रयोगकर्ताले त्यस्ता वेबसाइटबाट सेवा लिन खोज्दा उनीहरूको लगइन विवरण र एआईसम्बन्धी टोकन चोरी गरिएको थियो ।

कतिपय नक्कली सेवा प्रदायकले ग्राहकको ट्राफिक वास्तविक क्लडमा नपठाई अर्को मोडलमा पठाउने गरेको पनि एन्थ्रोपिकले जनाएको छ। यसरी प्रयोगकर्ताले क्लड चलाइरहेको ठान्दा उनीहरूको खाता विवरण भने आक्रमणकारीको हातमा पुग्ने जोखिम हुन्छ।

**साइबर आक्रमणमा मान्छेकै भूमिका धेरै**

रिपोर्टले एआई धेरै काम स्वचालित रूपमा गर्न सक्षम भए पनि आक्रमणको मुख्य उद्देश्य र लक्ष्य निर्धारणमा मानिसकै भूमिका रहेको स्पष्ट पारेको छ। एन्थ्रोपिकका अनुसार एआईले आक्रमणलाई छिटो, ठूलो र कम खर्चिलो बनाउन सक्छ। तर कुन व्यक्ति वा संस्थालाई लक्षित गर्ने, चोरी गरिएको डेटा कसरी प्रयोग गर्ने र त्यसबाट आर्थिक वा राजनीतिक लाभ कसरी लिने भन्ने निर्णयमा मानिसहरू अझै संलग्न हुन्छन्।

यसकारण एआई आफैंले सबै निर्णय गरेको भन्ने बुझाइ सही नहुने कम्पनीको भनाइ छ। एआईले आक्रमणकारीको क्षमता बढाएको भए पनि त्यसको उद्देश्य र प्रयोगको जिम्मेवारी मानिस र संस्थाकै हुने देखिन्छ । रिपोर्टमा एआईका कारण साइबर सुरक्षाको परम्परागत ढाँचा चुनौतीमा परेको उल्लेख छ। पहिले सुरक्षा प्रणालीले कुनै मालवेयर पहिचान गरेपछि आक्रमणकारीलाई नयाँ उपकरण बनाउन समय लाग्थ्यो। अब एआईको प्रयोगबाट मालवेयर परिमार्जन, पुनः परीक्षण र पुनः प्रयोग छिटो हुन सक्ने भएकाले आक्रमणकारी र सुरक्षाकर्मीबीचको प्रतिस्पर्धा झन् तीव्र बन्नेछ । अनलाइनखबरबाट



भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५–५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

# सुख्खा पहिरोले आरूघाट-गोरखा सडक ठप्प

**भञ्ज्याङ समाचारदाता/गोरखा**

गोरखाको आरूघाट गाउँपालिका-९ भञ्ज्याङमा आइतबार बिहान पहिरो खसेपछि मध्यपहाडी लोकमार्गअन्तर्गत आरूघाट-गोरखा सडकखण्ड पूर्ण रूपमा बन्द भएको छ । सडकभन्दा माथिको भिरबाट ढुङ्गा र माटोसहितको पहिरो खसेर सडक पुरिएपछि यातायात सञ्चालन अवरूद्ध भएको हो ।

करिब १० बजेतिर सडकको माथिल्लो भागबाट करिब ५० मिटर क्षेत्र ओगटेर सुख्खा पहिरो खसेको बताइएको छ। पहिरो सडकमा थुप्रिएपछि आरूघाटबाट गोरखा सदरमुकाम, चितवन तथा काठमाडौं जाने र ती क्षेत्रबाट आरूघाटतर्फ आउने सवारीसाधन बाटोमै रोकिएका छन् ।

घटना भएपछि जिल्ला प्रहरी कार्यालय गोरखाबाट प्रहरी टोली घटनास्थलमा पुगेको छ। सडकमा रोकिएका यात्रु तथा सवारीसाधनको अवस्थाबारे निगरानी गर्नुका साथै पहिरोका कारण हुनसक्ने थप जोखिमलाई मध्यनजर गर्दै सुरक्षाका उपाय अपनाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार सडक खुलाउन आरूघाट गाउँपालिका तथा गोरखा सडक योजना कार्यालयसँग समन्वय भइरहेको छ । पहिरो हटाएर यातायात सञ्चालनमा ल्याउने तयारी भइरहेको उनले बताए ।

पहिरो पन्छाउन आवश्यक उपकरण तथा जनशक्ति परिचालनको काम अघि बढाइएको जिल्ला प्रशासन कार्यालय गोरखाका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए । उनका अनुसार सडक अवरोध हटाई आवागमन सहज बनाउन सम्बन्धित निकायबीच समन्वय भइरहेको छ।

आरूघाट गाउँपालिकाका अध्यक्ष राजु गुरूङका अनुसार पहिरो खसेको स्थानमा माथिल्लो भागबाट ढुङ्गा तथा माटो खस्ने क्रम अझै रोकिएको छैन । सुख्खा पहिरो भए पनि भिरबाट सामग्री खसिरहेकाले सडक सफा गर्ने क्रममा समेत उच्च सतर्कता अपनाउनुपर्ने अवस्था रहेको उनले बताए । सडक अवरूद्ध भएपछि आरूघाट हुँदै गोरखा सदरमुकामसँगै काठमाडौं र चितवनतर्फ जाने सयौं सवारीसाधन बाटोमै रोकिएका छन् । लामो समयसम्म सडक खुल्न नसके यात्रु तथा ढुवानी व्यवसायी थप समस्यामा पर्ने देखिएको छ ।

वर्षायाममा गोरखाका विभिन्न सडकखण्डमा पहिरो तथा सडक अवरोधको जोखिम बढ्ने गरेको छ। भिरालो भूभाग र निरन्तरको वर्षाका कारण कतिपय स्थानमा सडक माथिबाट ढुङ्गा-माटो खस्ने जोखिम रहेकाले यात्रा गर्दा विशेष सावधानी अपनाउन जिल्ला प्रशासनले यात्रु तथा सवारी चालकलाई आग्रह गरेको छ ।

# सडक विस्तारसंगै .....

कार्यालयले जनाएको छ । निर्धारित समयमा काम अघि बढाउन नसकेका तथा विभिन्न कारणले लामो समयदेखि अलपत्र बनेका ठेक्काको व्यवस्थापनलाई प्राथमिकता दिइएको श्रेष्ठले बताए।

रूग्ण ठेक्का व्यवस्थापनमार्फत लामो समयदेखि काम अघि बढ्न नसकेका सडक आयोजनालाई नयाँ प्रक्रियाबाट अगाडि बढाउने वातावरण बनेको कार्यालयको अपेक्षा छ । ठेक्का सम्झौता भएर पनि समयमै काम सम्पन्न नगर्ने निर्माण व्यवसायीका कारण सडक आयोजना लामो समय अलपत्र पर्ने समस्या समाधानका लागि कार्यालयले ठेक्का व्यवस्थापनलाई प्राथमिकता दिएको हो ।

सडक निर्माण तथा मर्मतका कार्यक्रमले स्थानीयस्तरमा रोजगारीसमेत सिर्जना गरेको छ। कार्यालयका अनुसार गत आर्थिक वर्षमा विभिन्न कार्यक्रमअन्तर्गत २७७ जना निर्माणकर्मीले आंशिक रोजगारी पाएका छन् ।

निर्वाचन क्षेत्र रणनीतिक कार्यक्रमअन्तर्गत ८० जना, वैकल्पिक सहायक राजमार्ग कार्यक्रमअन्तर्गत ७५ जना, राजमार्ग स्तरोन्नति तथा पुनःस्थापना कार्यक्रमअन्तर्गत ६५ जना, सडक बोर्ड मर्मतअन्तर्गत ३२ जना र सडक बोर्ड मर्मत तथा स्तरोन्नति कार्यक्रमअन्तर्गत ३५ जना निर्माणकर्मीले रोजगारी पाएको कार्यालयले जनाएको छ ।

सडक डिभिजनले नयाँ पूर्वाधार निर्माणसँगै पुराना सडकको संरक्षण र नियमित मर्मतलाई पनि उत्तिकै महत्व दिएको जनाएको छ। सडक विस्तार भए पनि नियमित मर्मतसम्भार नहुँदा यातायात सञ्चालनमा समस्या आउन सक्ने भएकाले सडकको अवस्था हेरेर तत्काल मर्मत गर्ने व्यवस्था गरिएको कार्यालय प्रमुख श्रेष्ठले बताए ।

सडक पूर्वाधारको विस्तार, स्तरोन्नति र नियमित मर्मतले जिल्लाका विभिन्न स्थानीय तहबीचको आवागमनसँगै राष्ट्रिय तथा सहायक राजमार्गमा यातायात सञ्चालनलाई सहज बनाउने अपेक्षा गरिएको छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**नारेश्वरताल :** तनहुँको व्यास नगरपालिका-१० दुम्सीचौरस्थित नारेश्वर ताल । करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको नारेश्वर ताल व्यास नगरपालिकाले कङ्क्रिट ग्राभिटी ड्याम प्रविधिबाट निर्माण गरेको हो । तालको बाँध करिब आठ मिटर अग्लो छ भने औसत गहिराइ २/५ देखि तीन मिटरसम्म रहेको छ । तालमा करिब २५ हजारदेखि ३० हजार घनमिटर पानी भण्डारण गर्न सकिने बताइएको छ । कृषि, पर्यटन, वातावरण र स्थानीय रोजगारीसँग जोड्ने गरी यो ताल निर्माण गरिएको नगरपालिकाले जनाएको छ । पछिल्लो समय ताल अवलोकनका लागि आन्तरिक पर्यटक पुग्ने गरेका छन् ।
*तस्विर : अश्विन किशोर श्रेष्ठ/भञ्ज्याङ*

# कोरला नाकामा बढ्यो व्यापारिक चहलपहल, दुई सातामै १ अर्ब ७८ करोड राजस्व

**भञ्ज्याङ समाचारदाता/मुस्ताङ**

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवाको टिमुरेस्थित रसुवागढी भन्सार नाका प्रभावित भएपछि चीनबाट नेपाल भित्रिने व्यापारिक मालवस्तु तथा विद्युतीय सवारीसाधनको आयात वैकल्पिक मार्गतर्फ मोडिएको छ। रसुवागढी नाका बन्द भएपछि चीनको तिब्बत हुँदै लिजी-नेचुङ (कोरला) नाकाबाट हुने आयात बढ्दा उपल्लो मुस्ताङस्थित मुस्ताङ भन्सार कार्यालयमा राजस्व संकलनले तीव्र गति लिएको छ।

लोमान्थाङ गाउँपालिका-४, नेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले पछिल्लो दुई सातामा मात्रै एक अर्ब ७८ करोड ४४ लाख २२ हजार ७४६ रूपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ। बाढीपछि रसुवागढी नाका बन्द भएसँगै आयातको ठूलो हिस्सा कोरला नाकातर्फ डाइभर्ट भएपछि भन्सार राजस्वमा उल्लेख्य वृद्धि भएको हो। भन्सार कार्यालयका अनुसार गत भदौ १० गतेसम्म करिब ५३ करोड रूपैयाँ राजस्व संकलन भएको थियो। त्यसपछि भने आयातको चाप बढेसँगै दैनिक राजस्व संकलनसमेत बढेको छ। पछिल्लो समय कार्यालयले दैनिक औसत ३० करोड रूपैयाँको हाराहारीमा राजस्व संकलन गरिरहेको जनाएको छ ।

गत शुक्रबार मात्रै मुस्ताङ भन्सार कार्यालयले २७ करोड ११ लाख रूपैयाँ राजस्व संकलन गरेको थियो । सो दिन एकैदिन ७१ वटा मालवाहक कन्टेनर तथा १०६ वटा विद्युतीय सवारीसाधनको जाँचपास गरिएको भन्सार कार्यालय प्रमुख विदुर चुडालले जानकारी दिए ।

रसुवागढी नाका बन्द हुनुअघि चीनबाट नेपालतर्फ आउने मालवाहक कन्टेनरको संख्या तुलनात्मक रूपमा कम रहे पनि पछिल्लो समय कोरला नाकामा व्यापारिक गतिविधि तीव्र बनेको छ। बाढीपछि हालसम्म ४३४ वटा मालवाहक कन्टेनर जाँचपास भइसकेका छन् । यस अवधिमा विद्युतीय सवारीसाधनको जाँचपास पनि उल्लेख्य बढेको कार्यालयले जनाएको छ ।

भन्सार प्रमुख चुडालका अनुसार चीनबाट नियमित रूपमा विद्युतीय सवारीसाधनसँगै विभिन्न प्रकारका व्यापारिक सामान बोकेका कन्टेनर नेपाल भित्रिरहेका छन्। तर चीनतर्फ हुने नेपाली वस्तुको निकासी भने अपेक्षाकृत कमजोर रहेको छ । उनले भने, "अब चाडपर्व लक्षित सामान आउने क्रम छ, अहिले दैनिक ठूलो संख्यामा नेपाली



व्यवसायी उपल्लो मुस्ताङमा छन्।"

कोरला नाकाबाट व्यापारिक गतिविधि बढेसँगै उपल्लो मुस्ताङमा नेपाली व्यवसायी तथा ढुवानी व्यवसायीको चहलपहलसमेत बढेको छ । दशैं, तिहारलगायतका चाडपर्वलाई लक्षित गरी आवश्यक सामग्री आयात गर्ने क्रम सुरू भएकाले आगामी दिनमा समेत नाकामा आयातको चाप बढ्न सक्ने भन्सार कार्यालयको अनुमान छ।

समुद्री सतहदेखि चार हजार ६५० मिटर उचाइमा रहेको कोरला नाकाबाट भित्रिएका मालवस्तु तथा सवारीसाधन करिब १४ किलोमिटर तल रहेको मुस्ताङ भन्सार कार्यालयमा ल्याएर जाँचपास गरिन्छ । जाँचपासपछि ती सामान १८६ किलोमिटर लामो कोरला-जोमसोम-बेनी सडकखण्ड हुँदै पोखरालगायत देशका विभिन्न बजारतर्फ पठाइन्छन् ।

रसुवागढी नाका बन्द भएपछि कोरला नाकामा देखिएको यो चापले नेपाल-चीन व्यापारका लागि वैकल्पिक उत्तरी नाकाको सम्भावनासमेत उजागर गरेको छ। पूर्वाधार, सडक, भन्सार तथा ढुवानी व्यवस्थापनलाई व्यवस्थित गर्न सके कोरला नाका नियमित व्यापारिक गतिविधिको महत्वपूर्ण केन्द्र बन्न सक्ने देखिएको छ ।

मुस्ताङ भन्सार कार्यालयको इतिहास भने लामो समयको अवरोधपछि पुनः सक्रिय भएको हो। सन् १९६० को दशकमा चीनमा तिब्बत गाभिएपछि तिब्बती खम्पाहरूले नेपाली भूमि प्रयोग गरी विद्रोह गरेपछि बन्द भएको यो नाका लामो समयसम्म नियमित व्यापारिक प्रयोजनमा आउन सकेन। विसं २०८० कात्तिक २७ गतेदेखि भन्सार कार्यालय औपचारिक रूपमा सञ्चालनमा आएपछि भने नेपाल-चीन व्यापारको नयाँ ढोका खुलेको हो ।

गत आर्थिक वर्ष २०८२/८३ मा मुस्ताङ भन्सार नाकाबाट १४ अर्ब ४० करोड ६ लाख रूपैयाँ बराबरका सामान पैठारी भएका थिए। सोही अवधिमा २० करोड ४० लाख ५५ हजार रूपैयाँ बराबरका सामान निकासी भएको भन्सार कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ मा मुस्ताङ भन्सार कार्यालयका लागि ९ अर्ब रूपैयाँ राजस्व संकलनको लक्ष्य निर्धारण गरिएको छ । चालु आवको दुई महिनामै दुई अर्ब ३१ करोड ४४ लाख रूपैयाँ राजस्व संकलन भइसकेकाले निर्धारित लक्ष्य पूरा गर्न सहज हुने कार्यालयको अपेक्षा छ ।

रसुवागढीमा आएको प्राकृतिक विपत्तिले एउटा प्रमुख व्यापारिक नाकालाई प्रभावित बनाए पनि त्यसको असरले कोरला नाकामा व्यापारिक सम्भावनाको नयाँ तस्वीर देखाएको छ । अब चुनौती भनेको आकस्मिक रूपमा बढेको आयातको चापलाई व्यवस्थापन गर्दै कोरला नाकालाई दीर्घकालीन र व्यवस्थित व्यापारिक नाकाका रूपमा विकास गर्नु हो ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## facebook twitter



**Kishore Nepal**
x.com/kishorenepal

प्रधानमन्त्री बालेनजस्ता आधुनिक संगीतका संवेदनशील गायकहरु 'चमेली'को कथा-व्यथा गाउन त खप्पिस छन्। तर, नदी किनारमा आफ्नो प्राण धानेर बसेका जनताप्रति निर्मम छन् । यो प्रवृत्ति बालेनमा मात्र होइन, कांग्रेस, कम्युनिस्ट, उदारवादी र नवउदारवादी सबैमा उत्तिकै देखिएको छ ।



**Binod Neupane**
x.com/Neupane1Binod

मागेर, हात पसारेर कति पो गरौला ? भोटेकोसीको बाढीले एक सभ्यता लगेको छ मुलुकको, यसको पिडा, जन/धनको क्षतिपूर्ति गर्न बिसौं वर्ष लाग्ने छ ! नेपालका पार्टीहरु धेरै उछाल कुद नदेखाए हुन्छ! हामीले भूकम्प, जाजरकोटको भूकम्प, मेलम्ची बाढी, सेती बाढी, रोशी बाढी, नख्खु बाढी मै तिमीहरूको क्षमता मापन गरिसकेका छौ ! तिमीहरूले मुलुकको सर्वसाधारणको पीडामा भन्दा, सत्ता र शक्तिको लडाई मै जोड गरेको अनुभूति गरेका छौ!



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

चीन-भारत आयोजक हुने, हामीले चिहाउन पनि नपाउने ? कस्तो लाग्यो ब्रिक्स समिट । अस्ताउँदो पश्चिमले युद्ध निर्यात गर्छ त्यो पनि प्रोक्सी । छदमभेषीले बुझे हुन्छ- अर्को आँधी आँगन प्रवेश गरिसकेको छ । पुटिनको भाषामा भन्दा मित्रता कि शत्रुता ? पहिला खुसीसाथ तिमी रोज! नाटो रोज्दा देशै बर्वाद, देखेनौ ?

# वडाबाट क्षेत्रीय प्रतिनिधि छनोट हुने कांग्रेसको व्यवस्था कस्तो छ ?

**भञ्ज्याङ समाचारदाता/काठमाडौं**

नेपाली कांग्रेसले युवा, दलित, महिला, अपाङ्गता लगायत अनिवार्य छनोट गर्ने गरी वडाबाट क्षेत्रीय प्रतिनिधि चयन गर्ने विधि बनाएको छ। १५० क्रियाशील सदस्य रहेको वडाबाट २१ जना, तीन सय रहेको वडाबाट ३० जना, चार सय ५० सदस्य रहेको वडाबाट ३९, जना, ६ सय सदस्य रहेको वडाबाट ४८ जना र ७५० भन्दा सदस्य रहेको वडाबाट ५५ जना वडा क्षेत्रीय प्रतिनिधि छनोट हुनेछन् ।

खुलातर्फ १५० क्रियाशील सदस्य रहेको वडामा ५ जना, तीन सय रहेको वडाबाट ८ जना, चार सय ५० सदस्य रहेको वडामा ११ जना ६ सय सदस्य रहेको वडामा १४ र ७५० भन्दा सदस्य रहेको वडाबाट १७ जना छनोट गरी विधि बनाइएको छ ।

३० वर्ष नपुगेकाहरूबाट एक महिला अनिवार्य हुने गरी एक सय ५० क्रियाशील सदस्य रहेको वडामा ३ जना, तीन सय रहेको



प्रतिनिधि हुने गरी विधि बनाइएको छ ।

वडामा रहेका क्रियाशील सदस्यको आधारमा क्षेत्रीय प्रतिनिधिको संख्या निर्धारण गरिएको छ । एक सय ५० क्रियाशील सदस्य रहेको वडामा ३ जना, तीन सय रहेको वडाबाट ५ जना, चार सय ५० सदस्य रहेको वडामा ७ जना, ६ सय सदस्य रहेको वडामा ९ र ७५० भन्दा सदस्य रहेको वडाबाट ११ जना महिला क्षेत्रीय प्रतिनिधि हुने व्यवस्था गरिएको छ । श्रमिक, पेशागत, दलित र अपाङ्गताबाट जतिसुकै सदस्य भएको वडा भएपनि सबै क्लस्टरबाट १/१ जना क्षेत्रीय

वडाबाट ४ जना, चार सय ५० सदस्य रहेको वडामा ५ जना, ६ सय सदस्य रहेको वडामा ६ र ७५० भन्दा बढी सदस्य रहेको वडाबाट ७ जना क्षेत्रीय प्रतिनिधि हुनेछन् ।

समानुपातिकतर्फ १५० क्रियाशील सदस्य रहेको वडामा ६ जना, तीन सय रहेको वडाबाट ९ जना, ४५० सदस्य रहेको वडामा १२ जना, ६ सय सदस्य रहेको वडामा १५ र ७५० भन्दा सदस्य रहेको वडाबाट १६ जना छानिने छन्। असोजको १६ देखि १९ गतेसम्म १५ औं महाधिवेशनको मिति तय गरेको कांग्रेसले असोज ३ र ४ गते वडा अधिवेशन गर्ने भएको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४